**जातीय समानताको प्रवर्द्धनमा**
**विद्यमान र योजनाबद्ध उपायहरू**

## व्यवसाय तथा आर्थिक विकास ब्यूरो

व्यवसाय तथा आर्थिक विकास ब्यूरो (CEDB) ले व्यवसाय र उद्योग (बाह्य व्यावसायिक सम्बन्ध र आन्तरिक लगानी प्रवर्द्धनसहित), साना र मझौला उद्यमहरूको समर्थन, बेल्ट एण्ड रोड इनिशिएटिभमा हङकङको सहभागिता, दूरसञ्चार, प्रसारण, बौद्धिक सम्पत्ति संरक्षण, उपभोक्ता संरक्षण, प्रतिस्पर्धा, चलचित्र सेन्सर व्यवस्था, अश्लील र अभद्र लेखहरूको नियन्त्रण, सम्मेलन र प्रदर्शन, हुलाक सेवा, व्यापार सहजीकरण र मदिरा व्यवसायका साथसाथै संयुक्त राष्ट्र सुरक्षा परिषद्‌को प्रतिबन्धसँग सम्बन्धित कार्यहरूमा विभिन्न नीतिहरूको तयार गरी लागू गर्दछ। CEDB लाई व्यापार तथा उद्योग विभाग, विदेशमा रहेका हङकङ आर्थिक र व्यापार कार्यालयहरू, इन्भेस्ट हङकङ, सञ्चार प्राधिकरणको कार्यालय, रेडियो टेलिभिजन हङकङ, बौद्धिक सम्पत्ति विभाग, हङकङ हुलाक र भन्सार तथा अन्तःशुल्क विभागद्वारा सहायता प्रदान गरिन्छ।

CEDB ले सबै सर्वसाधारण जनताको जातीय पृष्ठभूमि जे-जस्तो भए पनि उनीहरूले यसका सेवाहरूमा समान पहुँच प्राप्त गरून् भनी सुनिश्चित गर्नमा धेरै महत्त्व दिन्छ र लागूयोग्य हुँदा, विविध जातिका मानिसका सेवा आवश्यकता र अन्य विशेष आवश्यकताहरू पूरा गर्ने उपायहरू अपनाउन जारी राख्नेछ।

<u>CEDB को कामसँग सम्बन्धित जानकारी र सोधपुछहरूका लागि अनुरोधहरू</u>

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | सर्वसाधारण जनताले इमेल, फ्याक्स, हुलाक र टेलिफोनमार्फत CEDB का नीति क्षेत्रहरूमा यसका कामसँग सम्बन्धित जानकारी अनुरोध गर्न र सोधपुछ गर्न सक्छन्। |
| विद्यमान उपायहरू | CEDB को कामका बारेमा जानकारी र सान्दर्भिक सरकारी विभाग तथा सम्बन्धित सरकारी निकायहरूका जानकारी CEDB को वेबसाइट (https://www.cedb.gov.hk/) मा हङकङका दुईवटा आधिकारिक भाषा (अर्थात्, चिनियाँ र अङ्ग्रेजी) मा उपलब्ध छन्।<br><br>हाम्रो सोधपुछ सेवा जुनसुकै जातिका मानिसका लागि निष्पक्ष रहन्छ र प्राप्त गरिएका सोधपुछहरूको भाषाअनुसार उचित रूपमा चिनियाँ वा अङ्ग्रेजीमा जवाफहरू दिइन्छ। |
| भावी कार्यको मूल्याङ्कन | हामीले नीति र रणनीतिहरू तयार गर्दा विविध जातिका मानिसहरूका आवश्यकताहरूलाई ध्यानमा राख्ने छौँ र उनीहरूका आवश्यकताहरू पूरा गर्न आवश्यक हुँदा हाम्रा सेवाहरू समीक्षा गर्ने छौँ। |
| अपनाइएका/ अपनाउनुपर्ने थप उपायहरू | विविध जातिका मानिसहरूद्वारा जानकारीका लागि गरिने अनुरोध र सोधपुछहरूका सम्बन्धमा, चिनियाँ वा अङ्ग्रेजीबाहेक अन्य भाषाहरूमा व्याख्या र अनुवादन सेवाहरूको आवश्यकतानुसार व्यवस्था मिलाइनेछ।<br><br>सेवा प्रबन्धको निरन्तर मूल्याङ्कन तथा सुधारलाई सहज बनाउनका लागि विविध जातिका सेवा प्रयोगकर्ताहरूद्वारा गरिने सेवाहरूको प्रयोगसम्बन्धी डाटा सङ्कलन गरिनेछ। |

*जातीय समानताको प्रवर्द्धनमा विद्यमान र योजनाबद्ध उपायहरूसँग सम्बन्धित सोधपुछहरूका लागि, कृपया निम्न माध्यमद्वारा Miss Rachel WONG, प्रमुख कार्यकारी अधिकारी (प्रशासन) लाई सम्पर्क गर्नुहोस् –*


| | |
|---|---|
| टेलिफोनः | 3655 5429 |
| फ्याक्सः | 2840 1621 |
| इमेल: | enquiry@cedb.gov.hk |
| हुलाक ठेगानाः | Commerce and Economic Development Bureau<br>23/F, West Wing, Central Government Offices<br>2 Tim Mei Avenue, Tamar, Hong Kong |


व्यवसाय तथा आर्थिक विकास ब्यूरो
मे 2024